## श्री उच्च अदालत सुर्खेतमा चढाएको

## <u>निवेदन–पत्र</u>

बिषयः **अन्तिरम आदेश सहितको परमादेश लगायत अन्य जो जे चाहिने आज्ञा आदेश जारी गरीपाउँ ।**

जिल्ला मुगु, छायाँनाथ रारा न.पा., वडा नं.१२ स्थायी ठेगाना भई हाल जिल्ला सुर्खेत, बीरेन्द्रनगर न.पा., वडा नं.३ मुलपानी बस्ने स्व.रामलाल ऐडीको नाति, रामसिंह ऐडीको छोरा अधिवक्ता प्रमाण पत्र नं.१५८११ को प्रकाश बाबु ऐडी (मो.नं.९८४८०३१६९९).............१

जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगरपालिका, वडा नं.६ बस्ने बिरभदेय बोहराको नाति, दुर्ग बहादुर बोहराको छोरा बर्ष 40 को नवराज बोहरा (मो.नं.९८51362825)...........................१

जिल्ला बाँके, नेपालगन्ज उप–महानगरपालिका, वडा नं.१८ घर ठेगाना भई हाल अनौपचारिक सेवा केन्द्र इन्सेक कर्णाली प्रदेश संयोजक बर्ष ४५ को नारायण सुवेदी 9858021689.....................................................................................१

**निवेदक**

## <u>बिरुद्ध</u>

श्री वीरेन्द्रनगर नगरपालिका, नगरपालिकाको कार्यालय वीरेन्द्रनगर सुर्खेत........................1

श्री सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगर सुर्खेत.......................................1

श्री जिल्ला प्रशासन कार्यालय, वीरेन्द्रनगर सुर्खेत...................................................१

श्री ६ नं. वडा कार्यालय, वीरेन्द्रनगर सुर्खेत.........................................................१

**प्रत्यर्थी**

श्री खड्का निर्माण सेवा बैजनाथ–१ चिसापानी बांके (मो.नं.9867094553)................१

ऐ.का संचालक बांके जिल्ला, नेपालगंज उप–महानगरपालिका, वडा नं.१8 कारकांदो बस्ने अं.बर्ष 50 को टेक बहादुर खड्का (मो.नं.9858020632)..................................१

मुद्दाः **परमादेश ।**

१. हामी निवेदक उच्च अदालत नियमावली, २०७३ को नियम ३५ बमोजिम लाग्ने दस्तुर रु.५००। यसैसाथ राखि नेपाली नागरिकको हैसियतले संबिधानद्धारा प्रद्धत मौलिक हक एवं नागरिक अधिकार, वातावरण र स्वास्थ्यको दृष्टिकोणले उल्लेखित बिषय सामूहिक हकहित र सरोकारको बिषय (PIL) भएकोले बिपक्षीहरुका उपर प्रस्तुत मुद्दा दायर गरी पूर्पक्ष गर्नका लागी हामी निवेदकहरुको हकदैया हुनुका साथै बैकल्पिक उपचारको अन्य कुनै मार्ग नभएकोले नेपालको संबिधानको धारा १६, ३०, 35 र ३९ समेतको मौलिक हक प्रचलनार्थ मुलुकी देवानी संहिता, २०७४ को दफा २६ र नेपालको संबिधानको धारा ४६ र १४४ (२) बमोजिम यो रिट निवेदन लिई उपस्थित भएका छौ, बिपक्षीहरुको नाममा परमादेश लगायत जो चाहिने निर्देशन, आज्ञा आदेश जारी गरिपाउँ ।

(क) हामी निवदेकहरु मध्ये निवेदक अधिवक्ता प्रकाश बाबु ऐडी कानुन व्यवसायी पेसामा क्रियाशील, निवेदक नारायण सुवेदी कानूनको शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र मानव अधिकारको संरक्षणको पक्षधर रही सामाजिक न्यायको क्षेत्रमा आवाज उठाउदै र निवेदक नवराज बोहरा सामाजिक अभियान्ताका रुपमा समाज सेवा गर्दै आईरहेका छौ । नेपालको संविधानले नागरिकको गुणस्तरिय जीवनको परिकल्पना गर्दै शिक्षा, स्वास्थ्य, गाँस, बास र कपास, जस्ता आधारभूत आवश्यकताको परिपूर्ति राज्यबाट स्वच्छ र स्वस्थ वातावरणमा निःशुल्क तथा सर्वशुलभ तवरबाट उपलव्ध हुने ब्यवस्थाको परिकल्पना गरेको छ।

(ख) कर्णाली प्रदेशको राजधानी अवस्थित सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका ब्यापारिक, धार्मिक, सास्कृतिक, साहित्यिक, पर्यटकीय औधोगिक तथा उद्यम, शैक्षिक कृषि लगायतका लागि केन्द्र बिन्दु रहेको छ । यस नगरपालिका अन्तर्गतको ६ नं. वडाको वडा कार्यालयको दक्षिणतर्फ आडैमा नगर बिकास समिति सुर्खेतको साविकको कटकुवा–२ पर्ने करिव ५ कट्ठा क्षेत्रफल जमिन बिपक्षी नगरपालिकाद्धारा घेरवार गरी राखिएको अवस्था छ । सो जग्गासंग जोडिएको अवस्थामा पूर्व तर्फ सुर्खेतकै एकमात्र बसस्टेशन, ६ नं.वडा कार्यालय र राजमार्ग सुरक्षा ट्राफिक प्रहरी कार्यालय, पश्चिम तर्फ सैनिक आवसीय महाबिद्यालय र बजार क्षेत्र उत्तर तर्फ ब्रह्माकुमारी राजयोग केन्द्र र सुर्खेतकै एकमात्र फलफुल तथा तरकारी बजार, दक्षिण तर्फ बजार क्षेत्र रहेको र त्यसको आसपासमा घना मानव बस्ती, मध्यपश्चिम बिश्वबिद्यालय, सुर्खेत बहुमुखि क्याम्पस, बुलबुले ताल लगायतका दैनिक अत्याधिक मानवीय गतिबिधिहरु हुने क्षेत्रहरु रहेका छन् र उल्लेखित खाली जग्गामा बिगत २ बर्षदेखि खड्का निर्माण सेवाको

Contract ID: IDD/SKT/W/Ncb/26/077-078 भएको बोर्ड राखि अस्फल्ट उद्योग संचालन गर्दै आईरहेको र उक्त उद्योगबाट Aggregate, Sand, Stone Dust र Bitumen पकाएर अलकत्रा बनाउंदा दैनिक निस्किने धुवाले सिङ्गो वीरेन्द्रनगर क्षेत्रलाई नै प्रदुषित बनाई राखेको अवस्था छ ।

(ग) वायु प्रदूषण प्रत्येक वर्ष अझ गम्भीर चिन्ताको विषय बन्दै गइरहेको परिप्रेक्षमा प्रदुषित वातावरणकै कारण हृदयरोग, श्वासप्रश्वास सम्बन्धी दीर्घरोग र क्यान्सरजन्य रोगहरू मानवको मृत्युका प्रमुख कारण बनेको अवस्था बिद्यमान छ । जनस्वास्थ्य विद्हरू तथा सरकारी स्तरबाट भएको अध्ययन अनुसार नेपालमा हुने मृत्युका मुख्य कारणमध्ये वायु प्रदूषण पनि भएको र श्वासप्रश्वास सम्बन्धी दीर्घरोगको मुख्य कारक वायु प्रदूषण रहेको औल्याएका छन् । फोक्सोको क्यान्सर समेत वायु प्रदूषणकै कारण हुने गर्दछ । त्यस हिसाबले नेपालमा हुने मृत्युको मुख्य कारण नै वायु प्रदूषण रहने तर्क स्वास्थ्य विज्ञको रहेको छ र स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा वार्षिक रूपमा ४२,००० जनाभन्दा बढीको मृत्युको कारण वायु प्रदूषणजन्य रोगहरू हुने सरकारी तथ्याङ्क रहेको छ । श्वासप्रश्वास विशेषज्ञका अनुसार प्रदूषित हावाका कारण क्यान्सर र मस्तिष्कघात जस्ता दीर्घरोग पनि लाग्न सक्छन् । जिवित प्राणीका लागि चाहिने मुलतः अक्सिजन हो र वायु प्रदुषित भएको अवस्थामा अक्सिजनसँगै हाम्रो फोक्सोमा प्रदूषित हावा जाने र त्यो बिस्तारै रगतमा फैलिई अनेकौँ स्वास्थ्य समस्याहरू निम्तिने र प्रदूषित हावाका कारण क्यान्सर हृदयघात र मस्तिष्कघात पक्षघात जस्ता दीर्घरोग पनि लाग्न सक्ने र प्रदूषित हावाले छाला र आँखामा पनि गम्भिर असर पार्ने अवस्था रहन्छ ।

(घ) यस प्रकारका प्रदुषणजन्य कार्यलाई रोक्नु जिम्मेवार नागरिकको कर्तव्य सम्झि रिट निवेदकले मिति २०८०।०८।१९ गते श्री जिल्ला प्रशासन कार्यालय सुर्खेतमा उक्त जग्गामा क्रेसर उद्योग जसरी नै संचालन गरिरहेको कार्य तत्काल अनुगमन गरी यस क्षेत्र खाली गराई पाउँ भनि निवेदन पेश गरेकोमा बिपक्षी जिल्ला प्रशासन कार्यालयबाट बिपक्षी वीरेन्द्रनगर नगरपालिकालाई मिति २०८०।०८।२० गते ***मौलिक हक हनन् नहुने गरी बिकास निर्माण गर्ने गराउने सम्बन्धमा*** पत्राचार समेत भएकोमा बिपक्षी नगरपालिकाबाट यसको समाधानका लागि कुनै पनि पहल भएको छैन र निवेदकले बिपक्षी नगरपालिकासंग मिति २०८०।०८।१३ गते सो सम्बन्धमा सूचना माग्दा समेत कुनै सूचना प्राप्त भएको अवस्था छैन । यसरी बिपक्षीहरुको गैर जिम्मेवारीपनका कारण वीरेन्द्रनगर नगरवासी, सो क्षेत्रमा काम बिशेषले दैनिक आवतजावत गर्ने आम नागरीकहरु र नजिकै रहेको बिद्यालय तथा क्याम्पसहरुमा अध्ययनरत बिद्यार्थीहरुको स्वास्थ्य प्रति दिनानु दिन बिपक्षीहरुले खेलवाड गरिरहेका छन् ।

(ङ) **"नेपालको संबिधानको धारा १६ मा प्रत्येक ब्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ, धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न**

**पाउने हक हुनेछ, धारा ३५ मा स्वास्थ्य सम्बन्धी र धारा ३९ मा प्रत्येक बाल बालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वागीण व्यक्तित्व बिकासको हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था हुनुका साथै मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ मा नागरिक अधिकार सम्बन्धी व्यवस्था गर्दै दफा १७ को उपदफा (१) मा प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने र ऐ.को उपलफा (२) मा कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन भन्ने र वातावरण संरक्षण ऐन,** 2076 **को दफा** 1७ **(२) मा जोखिमपूर्ण पदार्थको ब्यवस्थापन, भण्डारण, प्रशोधन, बिक्री बितरण, बिसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले जनस्वास्थ्य र वातावरणमा प्रतिकुल असर नपर्ने गरी उचित ब्यवस्थापन गर्नुपर्ने, वातावरण संरक्षण नियमावली, २०७७ को दफा ३ अन्तर्गत अनुसूचि-२ (ञ) (२३) मा ब्लेण्डिङ्ग प्रक्रियाबाट बिटुमिन वा बिटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्न, ऐ.को (७९) अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना तथा संचालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्न र ऐ.को अनुसूची-३ को (ञ) (९) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक बिटुमिन वा बिटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मुल्यांकन गर्नु पर्ने** कानूनी व्वस्था रहेको छ । यसरी दैनिक मानव समुदायको अत्याधिक चाप रहने उक्त स्थानमा बिपक्षी निर्माण सेवाले बिगत करिव २ बर्षदेखि अस्फल्ट उद्योग संचालन गरिरहेको र उक्त उद्योगबाट निस्कने रसायनले स्वच्छ तथा स्वस्थ वातावरणलाई चुनौती दिईरहेको कुरा हाम्रो लागि चिन्ताको बिषय भएको महशुस गरेका छौ । हरेक मुलुकले स्वच्छ वातावरणलाई कानुनी रुपमा नै मानव अधिकारसँग जोडिरहेको र वातावरणीय प्रदूषण वा ह्रासबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा समेत संविधानमा उल्लेख भएको अवस्थामा बिपक्षीहरुबाट संवैधानिक ब्यवस्था समेतलाई अनदेखा गरेको कार्य निकै खेदपूर्ण छ ।

(च) मानिसले मानिस भएर जन्मिएको आधारमा जन्मसिद्ध रुपमा प्राप्त गर्ने शिक्षा स्वास्थ्य तथा आत्मसम्मान पूर्वक बाच्न पाउने अधिकारदेखि सम्मान पूर्वक अन्त्यष्टी हुन पाउने अधिकारसम्म (Womb to Tomb) मानव अधिकार विस्तारित भएको छ भने मानवका बिभिन्न मौलिक हक अधिकारलाई बिभिन्न समयमा सम्पन्न भएका अन्तराष्ट्रिय महासन्धिहरुले संरक्षण गरेका छन् जसको बिपरित हुने गरी कुनै पनि राष्ट्रले कुनै काम कारवाही गर्न पाइदैन । संयुक्त राष्ट्रसंघको बडापत्र, १९४५, मानव

अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय बिश्वब्यापी घोषणा पत्र,१९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९६६ तथा बिभिन्न मुलुकमा सम्पन्न मानव अधिकार सम्बन्धी घोषणा पत्र लगायतका अन्तराष्ट्रिय दस्तावेजहरुलाई मुख्य श्रोतको रुपमा लिई देशको मुल कानुनमा नागरिकको मौलिक हकहरुको ब्यबस्था गरिएको हुन्छ । बिपक्षीहरुको उक्त गैर संवैधानिक र गैर कानूनी कार्यबाट "**नेपालको संबिधानको धारा १६, ३० (१), ३५,३९, मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ मा भएको नागरिक अधिकार सम्बन्धी व्यवस्थाको दफा १७, वातावरण संरक्षण ऐन**,2076 **को दफा 1७ (२) र वातावरण संरक्षण नियमावली, २०७७ को दफा ३ अन्तर्गत अनुसूचि-२ (ञ) (२३), ऐ.को (७९) ऐ.को अनुसूची-३ को (ञ) (९)** मा भएका संबैधानिक तथा कानूनी व्यवस्था समेतको अनदेखा गरी प्रत्यर्थीहरुबाट भएका कार्यलाई जिम्मेवार बनाई मौलिक हकको रक्षा गरीपाउँ ।

(छ) अतः संयुक्त राष्ट्र संघको बडापत्र, १९४५, मानव अधिकारको बिश्वब्यापी घोषणा पत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९६६, मुलुकी देवानी संहिता, २०७४, वातावरण संरक्षण ऐन, २०७६ लगायतले प्रत्याभूत गरेको स्वस्थ्य र मर्यादित जीवन जीउन पाउने हकबाट हामी वीरेन्द्रनगर बासी र बिभिन्न कामको लागि बीरेन्द्रनगरमा रहने आम नागरिकको स्वास्थ्यमा समेत उक्त प्रदुषित धुवाँ मिश्रीत रसायनले मन्ध बिष जसरी गम्भिर असर पुर्‍याई रहेको र बिपक्षी निर्माण सेवाले के कसरी उक्त स्थानमा सो कार्य गरिरहेका रहेछन् भनि जिम्मेवार निकायमा बुझ्दा उक्त स्थानमा सो कार्य गर्नको लागि बिपक्षी नगरपालिका, ६ नं. वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय सुर्खेत समेतले स्वीकृति अनुमति नदिएको भन्ने मौखिक जानकारी पाएको र कहि कतैबाट कुनै इजाजत नलिई उक्त सरकारी जग्गामा ***बिपक्षी खड्का निर्माण सेवाले हाल सम्म पनि खड्का के.एस.के.जे.भि.***बाट र ठेक्का नं.१/०७०/८० निर्माण कार्य समेत सोही उद्योगबाट संचालन गरी उक्त अस्फल्ट उद्योगबाट दैनिक वातावरण प्रदुषण बनाईरहंदा र अन्य बिपक्षीहरु सो गैर कानूनी कार्यको मुकदर्शक भइरहेकाले यस प्रकारका सार्वजनिक स्थलहरुमा ध्वनी तथा बायु प्रदुषण जन्य कुनै पनि कार्य नगर्नु नगराउनु हुन भनि बिपक्षीहरुका नाउँमा परमादेश लगायतका उपयुक्त दिर्घकालीन आदेश जारी गरीपाउँनका साथै उक्त स्थानमा बिपक्षीले तिव्र रुपमा निरन्तर उक्त कार्य संचालन गरी आम नागरिकको स्वास्थ्यमा गम्भिर असर पारिरहेको हुंदा उक्त कार्य तत्काल रोकी सो कार्य नगर्नु नगराउनु हुनका लागि बिपक्षीहरुको नाममा

उच्च अदालत नियमावली, २०७३ को नियम 42 बमोजिम अन्तरिम आदेश समेत जारी गरीपाउँ ।

२. प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकार क्षेत्र भित्र पर्दछ ।

३. यस सम्बन्धमा अन्य कुनै पनि अदालतमा निवेदन पेश गरेका छैनौ ।

४. हाल कानुन ब्यबसायी मुकरर गरेका छैनौ, पछि नियुक्त हुने कानुन ब्यवसायीको बहस पैरवीलई समेत यसै निवेदनको अभिन्न अंग मानिपाउँ ।

५. संलग्न कागजातहरुः

(क) निवेदकहरुको नेपाली नागरिकताको प्रतिलिपि थान.........................................३

(ख) निवेदकको कानुन व्यवसायी प्रमाण पत्रको प्रतिलिपि थान...................................१

(ग) निवेदकले श्री जिल्ला प्रशासन कार्यालय सुर्खेतमा पेश गरेको निवेदन, जिल्ला प्रशासन कार्यालयबाट वीरेन्द्रनगर नगरपालिकालाई लेखेको पत्र र वीरेन्द्रनगर नगरपालिका कार्यालयमा पेश गरेको निवेदन थान...................................................
.....१/1

(घ) उक्त उद्योगबाट वाताबरण प्रदुषण भएको सम्बन्धमा सामाजिक सन्जालमा व्यक्त भएका बिचारहरु सहितको फोटो सहितको प्रतिलिपिहरु प्रति.........................................7

(ङ) उक्त स्थानमा राखिएको खड्का निर्माण सेवाको परिचय खुल्ने बोर्डको प्रतिलिपि थान......१

(च) दर्शन कर्णाली मिडिया खवरबाट प्रसारित भिडियो क्लिप सहितको सि.डी.थान................१

**<u>निवेदकहरु</u>**

निज अधिवक्ता प्रकाश बाबु ऐडी

निज नवराज बोहरा

निज नारायण सुवेदी

इति सम्वत २०८१ साल कार्तिक ११ गते रोज १ शुभम् ।